## १. देवानी मुद्दा भनेको के हो ?

कानूनी हक, हैसियत, पद, पारिवारिक सम्बन्ध, सम्पत्तिसम्बन्धी मुद्दालाई देवानी मुद्दा भनिन्छ। दस्तुर, पारिश्रमिक, तलब भत्ता, ज्याला क्षतिपूर्ति, अंश, अपुताली, दान बकस, इच्छापत्र, संरक्षक, मातृक तथा पैतृक अख्तियारी, धर्मपुत्र, धर्मपुत्रीसम्बन्धी, कुनै करार अन्तर्गतको कुनै हक वा दावी वा क्षतिपूर्ति र सुविधासम्बन्धी मुद्दाहरू देवानी मुद्दा अन्तर्गत पर्छन।

## २. नेपालको संविधानमा महिलाको अधिकार सम्बन्धमा के कस्ता व्यवस्था गरिएको छ ?

नेपालको संविधानमा महिला अधिकार सम्बन्धमा निम्न बमोजिमका व्यवस्था रहेका छन्:

- ❖ समानताको हक अन्तर्गत सामान्य कानूनको प्रयोगमा लिङ्ग शारीरिक अवस्था, अपाङ्गता, बैबाहिक स्थिति, गर्भावस्थासमेतका आधारमा भेदभाव नगरिने,
- ❖ राज्यले नागरिकहरूका बीच लिङ्ग लगायतका आधारमा भेदभाव नगर्ने तर पिछडिएका महिला, लैगिंक तथा यौनिक अल्पसंख्यक, गर्भावस्थाका व्यक्ति लगायतका नागरिकहरूको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिने,
- ❖ पैतृक सम्पत्तिमा लैगिंक भेदभाव विना सबै सन्तानको समान हक हुने,
- ❖ लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने,
- ❖ सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने,
- ❖ धार्मिक सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन आदिको आधारमा महिलालाई हिंसाजन्य कार्य र शोषण नगरिने यस्तो भएको खण्डमा क्षतिपूर्ति पाउने हक हुने,
- ❖ राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने,
- ❖ शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको आधारमा विशेष अवसर प्राप्त हुने,
- ❖ सम्पत्ति र पारिवारिक मामिलामा दम्पत्तीको समान हक हुने,
- ❖ सामाजिक रूपले पछाडि परेका महिला समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने,
- ❖ आर्थिक रूपमा विपन्न, अशक्त एवं असहाय एकल महिला लगायतलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने,
- ❖ नेपालको नागरिक आमाबाट जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिने ।

## ३. महिलाको अंश हक सम्बन्धमा के कस्ता व्यवस्थाहरू रहेका छन् ?

- ❖ छोरीले अरू अंशियार सरह अंश छुट्याई लिन पाउने,
- ❖ अंश नहुदै लोग्नेको मृत्यु भएमा निजले पाउने अंश स्वास्नीले पाउने,
- ❖ लोग्नेले स्वास्नीलाई इज्जत आमद अनुसार खान, लाउन र आवश्यकता अनुसार उचित शिक्षादीक्षा र स्वास्थ्य उपचारको व्यवस्था नगरे अंश लिन पाउने,
- ❖ बाबुआमाले छोरीलाई इज्जत आमद अनुसार खान, लाउन र आवश्यकता अनुसार उचित शिक्षादीक्षा र स्वास्थ्य उपचारको व्यवस्था नगरे अंश लिन पाउने,
- ❖ विधवा स्वास्नी मानिसले चाहेमा आफ्नो अंश लिई भिन्न हुन पाउने,
- ❖ वैवाहिक सम्बन्ध विच्छेद हुने भएमा अंश लिन पाउने,
- ❖ लोग्नेले अर्को स्वास्नी ल्याएमा वा राखेमा लोग्नेको अंशबाट आफ्नो अंशभाग छुट्यावई लिन पाउने,
- ❖ सासु ससुरा समेत भई वा लोग्नेले मात्र खान लाउन नदिई घरबाट निकाला गरेमा वा बराबर कुटपिट गरी दु:ख दिने गरेमा त्यस्तो स्वास्नी मानिसले लोग्नेको अंशबाट आफ्नो अंशभाग छुट्याई लिन पाउने।
- ❖ सासु ससुराले मात्र बुहारीलाई निकाला गरेको अवस्थामा इज्जत आमद अनुसार खान लाउन पाउने,
- ❖ फैसला बमोजिम अंश, रकम वा खर्च पाउने भएकी स्वास्नी मानिसले अंश, रकम वा खर्च नपाएमा सो व्यहोरा खुलाई मुद्दा छिन्ने अड्डामा दरखास्त दिनुपर्ने र अड्डाले अंश, रकम वा खर्च नदिनेलाई पाँच हजार रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गरी फैसलाबमोजिम यथासक्य छिटो अंश, रकम वा खर्च दिलाई दिने,
- ❖ अंश लिइसकेकी छोरीको विवाह भएमा पनि अंश वापत निजले प्राप्त गरेको सम्पत्तिमा निजको नै हक कायम हुने,
- ❖ अंशमा चित्त नबुझे बण्डापत्रको कागज भएका मितिले तीन महिनाभित्र नालिस दिनु पर्ने ।

## ४. अंशको विषयमा कसले, कहिले, कहाँउजुर वा नालिस दिने ?

- ❖ अंश दिलाइ पाउँभनी हक पुग्ने व्यक्ति (पीडित) ले जहिलेसुकै सम्बन्धित जिल्ला अदालतमा नालिस दिन सक्ने,
- ❖ अंशमा चित्त नबुझेमा बण्डा पत्रको कागज भएका मितिले तीन महिना भित्र नालिस दिनुपर्ने,
- ❖ सोह्र वर्ष मुनिको महिलाको हकमा भने सोह्र वर्ष नाघेका मितिले तीन महिना भित्र नालिस दिनुपर्ने ।

## ५. महिलाले के कस्तो अवस्थामा मानाचामल भराई लिन पाउँछ ?

महिलाले देहायको अवस्थामा मानाचामल भराइ लिन पाउँछः

- ❖ लोग्ने स्वास्नी बीचको सम्बन्ध विच्छेद हुने भएमा अंशबण्डा नभएसम्मको लागि स्वास्नी मानिसको जीविकाको निमित्त मासिक रूपले अदालतबाट खर्च (मानाचामल) भराई लिन पाउने,
- ❖ सम्बन्ध विच्छेद हुने स्वास्नीमानिसले अंश नलिई सो बापत लोग्नेसँग वार्षिक वा मासिक खर्च भराई लिन चाहेमा अदालतले त्यस्ती स्वास्नीमानिसलाई लोग्नेको सम्पत्ति र आयस्ताबाट वार्षिक वा मासिक खर्च (मानाचामल) भराई लिन पाउने।
- ❖ लोग्ने स्वास्नी बीच सम्बन्ध विच्छेद भएको र सम्बन्ध विच्छेद हुँदा लोग्नेसंग बण्डा गर्नुपर्ने कुनै सम्पत्ति नभई लोग्नेबाट अंश नपाएकी स्वास्नीमानिसले लोग्नेबाट खान लाउन खर्च भराउन चाहेमा र त्यस्तो लोग्नेको आम्दानी आयस्ता भएमा अदालतले त्यस्ती स्वास्नीमानिसलाई लोग्नेको आयस्ताको आधारमा खाना लाउन खर्च (मानाचामल) भराई लिन पाउने,
- ❖ बाबु, आमा, सासु, ससुरा वा लोग्नेले इज्जत आमद अनुसार खान लाउन नदिएमा वा घरबाट निकाला गरेमा त्यस्ता स्वास्नी, छोरी, बुहारीले, मानाचामल वा अंश वा दुवैमा दावी गर्न पाउने ।

## ६. महिलाले के कस्तो सम्पत्ति आफूखुशी गर्न पाउँछ ?

देहायको सम्पत्ति महिलाले आफूखुशी गर्न पाउँछः

- ❖ कन्या, सधवा वा विधवा महिलाले आफ्नो आर्जनको चल अचल सम्पत्ति,
- ❖ भिन्न भएको कन्या, सधवा वा विधवाले आफ्नो अंश हकको चल अचल सम्पत्ति,
- ❖ आफ्नो दाइजो वा पेवा (माइतिपट्टिका नातेदार इष्टमित्रले दिएको चल अचल सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्तिलाई दाइजो, मानिने र लोग्ने वा लोग्नेपट्टिका अंशीयारको मन्जुरीको लिखत गरी दिएको र लोग्नेपट्टिका अरू नातेदार वा इष्टमित्रले दिएको चल अचल र त्यसबाट बढे बढाएको सम्पत्तिलाई पेवा मानिने)
- ❖ सन्तान नभएका विधवाले अर्को विवाह गरेमा निजको अंश भागको सम्पत्ति,

## ७. कस्तो सम्पत्तिलाई निजी आर्जनको सम्पत्ति मानिन्छ ?

निम्न तरिकाबाट प्राप्त गरेको सम्पत्तिलाई निजी आर्जनको सम्पत्ति मानिन्छः

- ❖ आफ्नो ज्ञान, सीप वा प्रयासबाट आर्जन गरेको,
- ❖ कसैबाट निजी तवरले दान वा वकस पाएको,
- ❖ कसैको अपुताली परी पाएको सम्पत्ति,
- ❖ दाइजो वा पेवा ।

## ८. छोरीले कस्तो अवस्थामा अपुताली पाउँछ ?

- ❖ मर्ने व्यक्तिको सगोलको लोग्ने वा स्वास्नी नभएको अवस्थामा एका सगोलको छोरीले छोरा सरह अपुताली पाउँछ,
- ❖ मर्ने मान्छेको अपुताली पाउने क्रम देहायबमोजिम हुन्छः
  व्यक्तिको सगोलको लोग्ने वा स्वास्नी, सगोलको छोरा, छोरी, विधवा बुहारी, सगोलको बाबु आमा, सौतेनी आमा, छोरा, छोरीतर्फका नाती नातिनी, नातिनी बुहारी पनि नभएको अवस्थामा भिन्न भएको लोग्ने, स्वास्नी, छोरा, छोरी, बाबु, आमा तथा सौतेनी आमा सरह विवाहिता छोरीले अपुताली पाउँछ ।

## ९. अपुताली सम्बन्धमा कसले कहिले र कहाँ उजुरी गर्नुपर्छ ?

- ❖ अपुताली परेकोमा हक पुग्ने व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा अपुताली परेको ३ (तीन) वर्षभित्र नालिस दिनुपर्छ ।

## १०. निःशुल्क कानूनी सहायता कसरी पाउन सकिन्छ ?

- ❖ मुद्दा दायर गर्न,मुद्दा चल्दाको अवस्थामा बहस पैरवी गर्न निःशुल्क कानूनी सहायता चाहिएमा सम्बन्धित जिल्ला अदालतमा सम्पर्क गर्न सकिन्छ। जिल्ला अदालतमा रहेका वैतनिक कानून व्यवसायीले निःशुल्क रूपमा लिखत तयार गर्नेदेखि मुद्दामा आवश्यक पर्ने सबै कानूनी सहयोग उपलब्ध गराउँदछन्,
- ❖ सम्बन्धित जिल्ला कानूनी सहायता समितिबाट पनि निःशुल्क कानूनी सहायता प्राप्त गर्न सकिन्छ ।

## सम्पर्क ठेगानाः


**सर्वोच्च अदालत**
**न्यायमा पहुँच आयोग**
रामशाहपथ, काठमाडौं, नेपाल

फोन नं. : ०१-४२६२७०२, ०१-४२५०९३८
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np


# देवानी मुद्दामा महिलाको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका




**सर्वोच्च अदालत**
**न्यायमा पहुँच आयोग**
रामशाहपथ, काठमाडौं
२०७४